# दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिको परिक्षण सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** प्रविधिमा हुने द्रुततर विकाससँगै दूरसञ्चार क्षेत्रमा देखा परेका/पर्ने नवीनतम सेवाहरु नेपालले समेत आत्मसात् गर्दै जानु पर्ने देखिन्छ। अन्तर्राष्ट्रिय स्तरमा प्रचलनमा आएका एवम् अवलम्बन गरिएका नवीनतम प्रविधिहरु नेपालको परिप्रेक्ष्यमा यथाशक्य चाँडो भित्र्याई दूरसञ्चारका आम ग्राहकहरुले नवीनतम प्रविधि प्रयोग गर्न पाउने वातावरण सृजना गर्नुपर्ने तथा दूरसञ्चार प्रविधिको प्रयोग गरी अन्य क्षेत्रहरुको प्रभावकारिता एवं उत्पादकत्व बढाई देशको समग्र आर्थिक एवं सामाजिक विकासमा टेवा पुर्याउन सकिने देखिन्छ। यसको लागि दूरसञ्चार क्षेत्रमा खोज एवं नवीनताको प्रयोगलाई बढावा दिन नयाँ प्रविधिको परिक्षण (Trial) लाई व्यवस्थापन गर्न प्राधिकरणले यो कार्यविधि तयार गरेको हो।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिको परिक्षण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) **"कार्यविधि"** भन्नाले दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिको परिक्षण सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ।

(ख) **"नयाँ प्रविधि"** भन्नाले प्रविधिमा निरन्तरको विकाससँगै दूरसञ्चार क्षेत्रमा देखा पर्दै आएको र भविष्यमा समेत देखा पर्दै जाने अन्तर्राष्ट्रिय स्तरमा प्रचलन एवं

अभ्यासमा रहेका (हुन सक्ने सम्भाव्य) दूरसञ्चारको क्षेत्रका नवीनतम प्रविधिहरुलाई सम्झनु पर्दछ।

(ग) **"ऐन"** भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्दछ।

(घ) **"प्राधिकरण"** भन्नाले नेपाल दूरसञ्चार प्राधिकरण भन्ने सम्झनु पर्दछ।

(ङ) **"समिति"** भन्नाले ऐनको दफा ४९ बमोजिम गठित रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समिति सम्झनु पर्दछ।

(च) **"नीति"** भन्नाले दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट र मूल्य सम्वन्धी) नीति, २०६९ तथा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट र मूल्य सम्बन्धी ) नीति, पहिलो संशोधन, २०७३ सम्झनु पर्दछ।

(छ) **"अनुमतिपत्र प्राप्त व्यक्ति"** भन्नाले ऐनको दफा २४ बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्ने अनुमतिपत्र पाएको व्यक्ति सम्झनु पर्दछ।

(ज) **"दूरसञ्चार प्रणाली"** भन्नाले दूरसञ्चार सेवाको सन्दर्भमा प्रयोग गरिएको वा गरिने उपकरण वा उपकरणहरूको समूह सम्झनुपर्छ ।

(झ) **"नेटवर्क"** भन्नाले दूरसञ्चार सेवा सञ्चालन गर्नको लागि निर्माण गरिएको दूरसञ्चार लाइन तथा दूरसञ्चार प्रणालीसँग सम्बन्धित संरचना सम्झनुपर्छ।

(ण) **"ग्राहक"** भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको दूरसञ्चार सेवा प्रयोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

## परिच्छेद - २

## नयाँ प्रविधिको परिक्षणको लागि निवेदन पेश गर्ने सम्बन्धी व्यवस्था

३. **परिक्षणको लागि निवेदन पेश गर्नु पर्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले नयाँ प्रविधिको परिक्षणको लागि अनुसूची-१ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्भावित नयाँ प्रविधिको परिक्षणको मोडालिटी सहित अनुसूची-२ बमोजिमको विवरण खुलाई प्राधिकरण समक्ष परिक्षण कार्ययोजना पेश गर्नु पर्नेछ। नयाँ प्रविधिको परिक्षण गर्दा प्राधिकरणले तोकेको स्थान समेत समेट्नु पर्नेछ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित सेवाहरु सञ्चालन गर्ने क्रममा प्रयोग हुने प्रविधिको लागि मात्र परिक्षण गर्न पाउने छ।

(४) प्राप्त निवेदन र कार्ययोजनाको अध्ययन गरी प्राधिकरणले नयाँ प्रविधिको परिक्षणको लागि स्वीकृति प्रदान गर्न सक्नेछ।

## परिच्छेद — ३

## नयाँ प्रविधिको परिक्षणको लागि नेटवर्क निर्माण सम्बन्धी व्यवस्था

४. **नेटवर्क निर्माण गर्नु पर्ने :-** (१) नयाँ प्रविधिको लागि प्राधिकरणबाट स्वीकृत प्राप्त भए पश्चात सो नयाँ प्रविधिको परिक्षणको लागि आवश्यक पर्ने उपकरणहरु (Hardware/Software) आयातको कार्य शुरु गर्नु पर्नेछ।

(२) परिक्षणको लागि आवश्यक पर्ने उपकरणहरु आयात गर्न प्राधिकरणले सहजीकरण गर्नेछ।

(३) उपदफा (१) बमोजिमको परिक्षणको लागि आयात गरिएको उपकरणहरु जडान कार्य सम्पन्न गरी प्राधिकरणलाई जानकारी गराउनु पर्नेछ।

(४) नयाँ प्रविधिको लागि प्राधिकरणबाट स्वीकृत प्राप्त भए पश्चात् स्वीकृत भएको ३ (तीन) महिनासम्ममा परिक्षणको लागि आवश्यक उपकरणहरुको आयात कार्यमा कुनै प्रगति नदेखिएमा प्राधिकरणबाट प्रदान गरिएको नयाँ प्रविधि परिक्षणको स्वीकृति रद्द गर्न सक्नेछ।

५. **परिक्षण पश्चात् उपकरणहरुको व्यवस्थापन** :- नयाँ प्रविधिको परिक्षणको अवधि समाप्त भए पश्चात् परिक्षणमा प्रयोग भएका उपकरणहरुको प्रयोग एवं व्यवस्थापन देहाय बमोजिम हुनेछः-

(क) यदि उक्त उपकरणहरु विद्यमान सेवामा समेत प्रयोग हुने भए प्राधिकरणबाट पून : अनुमति लिई प्रयोग गर्न/गराउन सक्नेछ ।

(ख उक्त उपकरणहरु तत्कालै नयाँ प्रविधिमा प्रयोग हुने नदेखिएमा प्राधिकरणको रोहोबरमा उपकरणहरु लाहाछाप लगाई सुरक्षित स्थानमा राख्नु पर्नेछ।

(ग) विद्यमान सेवामा प्रयोग नहुने र तत्कालै नयाँ सेवामा समेत प्रयोग नहुने उपकरणहरु सम्बन्धित आपूर्तिकर्तालाई फिर्ता गरी प्राधिकरणलाई जानकारी गराउनु पर्नेछ।

## परिच्छेद - ४

## नयाँ प्रविधिको परिक्षणको फ्रिक्वेन्सी, अवधि र शुल्क सम्बन्धी व्यवस्था

६. **नयाँ प्रविधिको लागि फ्रिक्वेन्सी सम्बन्धमा :-** (१) नयाँ प्रविधिको परिक्षणको लागि नयाँ वा थप फ्रिक्वेन्सी आवश्यक भएमा आवश्यक पर्ने फ्रिक्वेन्सी प्राधिकरणले उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणबाट प्रदान गरिएको फ्रिक्वेन्सी परिक्षण समाप्त भए पश्चात् फ्रिक्वेन्सी स्वतः फिर्ता हुनेछ।

**७. नयाँ प्रविधिको परिक्षण अवधि :-** (१) प्राधिकरणबाट दफा (३) को उपदफा (४) बमोजिम नयाँ प्रविधिको परिक्षणको स्वीकृत प्राप्त गरेको नौ (९) महिनाबाट नयाँ प्रविधिको परिक्षण समयावधि सुरु हुनेछ।

(२) परिक्षणको लागि उपलब्ध गराइने फ्रिक्वेन्सीको अवधि अधिकतम एक वर्षको लागि हुनेछ।

**८. परिक्षण फ्रिक्वेन्सी दस्तुर र सेवा शुल्क सम्बन्धमा :-** (१) नयाँ प्रविधिको परिक्षणको लागि प्रदान गरिएको फ्रिक्वेन्सीको परिक्षण समयावधिको लागि नीति बमोजिम नेपाल सरकारलाई बुझाउनु पर्ने फ्रिक्वेन्सी दस्तुर छुट हुनेछ।

(२) नयाँ प्रविधिको परिक्षणको रुपमा सञ्चालित/उपलब्ध गराईएको दूरसञ्चारका सेवाहरुबाट ग्राहकसँग कुनै पनि प्रकारको शुल्क लिन पाईने छैन।

(स्पष्टिकरण : दफा ६ को उपदफा (१) र दफा ८ को उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि फ्रिक्वेन्सी र सो को दस्तुर सम्बन्धमा समितिले गरेको निर्णय नै अन्तिम हुनेछ)।

## परिच्छेद - ५

## नयाँ प्रविधिको परिक्षणको विवरण सम्बन्धी व्यवस्था

**९. प्रगति विवरणहरु पेश गर्नु पर्ने :-** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परिक्षणको क्रमका प्राविधिक विवरण लगायत प्राधिकरणले माग गरेका विवरणहरु नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

(२) परिक्षणको क्रममा देखिएका असरहरु, समस्याहरु, चुनौतीहरु एवं राय/सुझावहरु सहितको प्रतिवेदन प्रत्येक तीन/तीन महिनामा प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(३) परिक्षणको अवधि समाप्त भए पश्चात् अनुमतिपत्र प्राप्त व्यक्तिले प्राधिकरणमा परिक्षण सम्बन्धी विस्तृत प्रतिवेदन पेश गर्नु पर्नेछ।

१०. **सहजीकरण र निर्देशन पालना गर्नु पर्ने :-** (१) नयाँ प्रविधि सम्बन्धमा निवेदकले पेश गरेको विवरण, कार्ययोजना लगायत स्वीकृत परिक्षण अनुरुप कार्य भए/नभएको एवम् सो को प्रगति विवरण सम्बन्धमा परिक्षणको समयमा प्राधिकरणबाट हुने अनुगमन तथा निरीक्षणको क्रममा अनुमतिपत्र प्राप्त व्यक्तिले सहजीकरण गर्नु पर्नेछ।

(२) नयाँ प्रविधिको परिक्षण सम्बन्धमा प्राधिकरणबाट समय-समयमा दिईने निर्देशनहरु अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्नेछ।

## परिच्छेद ६

## विविध

११. **अनुगमन तथा निरिक्षण :** यस कार्यविधि बमोजिम कार्य भए नभएको सम्बन्धमा प्राधिकरणले समय समयमा अनुगमन तथा निरिक्षण गर्नेछ ।

१२. **व्याख्या:** यस कार्यविधिको व्याख्या गर्ने अधिकार प्राधिकरणमा निहित रहनेछ।

१३. **अमान्य :** यस कार्यविधिमा उल्लेखित कुनै बुँदा प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म यस कार्यविधिको उक्त बुँदा अमान्य हुनेछ।

१४. **खारेज तथा बचाऊः** प्राधिकरणबाट जारी “5G” लगायत नयाँ प्रविधि परिक्षण सम्बन्धी कार्यविधि, २०७८” खारेज गरिएको छ ।“5G” लगायत नयाँ प्रविधि परिक्षण सम्बन्धी कार्यविधि, २०७८” बमोजिम भए गरेका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**<u>अनुसूची १ दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिको परिक्षणको लागि निवेदनको ढाँचा</u>**

**<u>(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)</u>**

मितिः ........../..../.....

श्री नेपाल दूरसञ्चार प्राधिकरण,

................................ ।

विषयः नयाँ प्रविधिको परिक्षण सम्बन्धमा।

महोदय,

दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिको परिक्षणको लागि देहायको विवरणहरु खुलाई यो निवेदन पेश गरको छु।

१. नयाँ प्रविधि परिक्षण गर्न चाहने अनुमतिपत्र प्राप्त व्यक्तिकोः

क. नाम :

ख. अनुमतिपत्रको मिति र किसिम :

ग. ठेगाना :

२. परिक्षण गर्न चाहेको नयाँ प्रविधि/सेवा :

३. परिक्षणको लागि प्रयोग गर्ने चाहेको फ्रिक्वेन्सी व्याण्ड एवं व्याण्डविथ :

४. दूरसञ्चार सेवा परिक्षणको लागि सञ्चालन गरिने क्षेत्र :

क. प्रदेशः ख. जिल्लाः ग. पालिकाः घ. वडाः

५. दूरसञ्चार प्रणालीमा प्रयोग हुने उपकरणहरु र सो को गुणस्तरः

६. नेटवर्क जडान र सञ्चालनको मिति :

७. ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराउन सकिने मिति :

साथै, निवेदनका साथ अनुसूची २ बमोजिमको परिक्षण कार्य योजना पेश गर्नुपर्ने।

निवेदकको हस्ताक्षर :

नाम :

पद :

ठेगाना :

मिति :

सङ्गठित संस्थाको छापः

## अनुसूची २ - दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिको परिक्षणको लागि निवेदकले पेश गर्नुपर्ने परिक्षण कार्य योजनामा संलग्नगर्नु पर्ने विवरणहरु :

### (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

१. नयाँ प्रविधि सम्बन्धी संक्षिप्त जानकारी।

२. परिक्षण गर्नुको कारण र उद्देश्य।

३. नेटवर्क जडान र सञ्चालनको समय तालिका।

४. प्रस्तावित फ्रिक्वेन्सी व्याण्ड र व्याण्डविथ।

५. प्रयोग गरिने उपकरण र गुणस्तर सम्बन्धीको विवरण।

६. परिक्षण गरिने स्थानहरु।

७. ग्राहकलाई उपलव्ध गराईने दूरसञ्चार सेवाहरु र सो उपलव्ध गराउने प्रक्रिया (कुन-कुन दूरसञ्चार सेवा के कसरी उपलब्ध गराउने)।

८. अपेक्षित परिणाम।

९. अन्य विवरणहरु।